annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ३११ पृष्ठ ८ | काठमाडौं, आइतबार ३ चैत २०८१ | चैत्र कृष्णपक्ष द्वितीया, नेपाल संवत् ११४५ | SUNDAY, MARCH 16, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# राजनीतिमा फड्को मार्दै नेपाली अमेरिकन

**सपनाको देश अमेरिका। सुखद र सुरक्षित भविष्यको खोजीमा विश्वका अधिकांश मान्छेको रोजाइमा अमेरिका पर्छ। त्यही अमेरिकामा नेपाली मूलका व्यक्तिहरू पनि उच्च राजनीतिक नेतृत्वमा पुग्न थालेका छन्। मूलधारको अमेरिकी राजनीतिमा उनीहरूको सहभागिता नेपाली भाषीका लागि गौरवको विषय हो।**

सुरज भण्डारी | *अमेरिका*
- को रिपोर्ट



ह्यारी भण्डारी — हाउस अफ डेलिगेट्स | सराहना श्रेष्ठ — मेम्बर अफ द न्युयोर्क स्टेट | सुरज बुढाथोकी — हाउस अफ रिप्रिजेन्टेटिभ्स | भुवन प्याकुरेल — सिटी काउन्सिल मेम्बर | चिरन न्यौपाने — सिटी काउन्सिल मेम्बर | डिल्ली भट्टराई — सिटी काउन्सिल मेम्बर | ज्ञानु श्रेष्ठ — सिटी काउन्सिल मेम्बर | मधु पन्थी — सिटी काउन्सिल मेम्बर | प्रदीप ढकाल — सिटी काउन्सिल मेम्बर | टीका पौडेल — सिटी उपमेयर | रामचन्द्र श्रेष्ठ — सिटी काउन्सिल मेम्बर

समाचार पृष्ठ २

## ४३ देशका नागरिकलाई अमेरिकामा प्रतिबन्धको तयारी

**एजेन्सी** (अमेरिका) : ट्रम्प प्रशासनले ४३ देशका नागरिकलाई अमेरिका यात्रामा प्रतिबन्ध लगाउने तयारी गरेको छ। विभिन्न श्रेणीअन्तर्गत ४३ देशका नागरिकलाई अमेरिका यात्रामा प्रतिबन्ध लगाउने तयारी गरिएको द न्युयोर्क टाइम्सले जानकारी दिएको छ।

अमेरिकाले दक्षिण एसियाका अफगानिस्तान र भुटानका नागरिकलाई भने पूर्णरूपमा प्रतिबन्ध लगाउने तयारी गरेको छ। अमेरिकाको 'रेड लिस्ट'मा अफगानिस्तान र भुटानबाहेक क्युबा, इरान, लिविया, उत्तर कोरिया, सोमालिया, सुडान, सिरिया, भेनेजुयला र येमेन रहेका छन्। यी देशका नागरिकहरूलाई अमेरिका यात्रामा पूर्ण प्रतिबन्ध लगाउने ट्रम्प प्रशासनको तयारी रहेको समाचारमा उल्लेख छ। त्यस्तै 'ओरेन्ज लिस्ट'मा बेलारुस, इरिट्रिया, हाइटी, लाओस्, म्यानमार, पाकिस्तान, रुस, सेरा लियोन, दक्षिण सुडान र तुर्किमेनिस्तान छन्। यी देशका नागरिकलाई आंशिक प्रतिबन्ध लगाउने भनिएको छ। त्यहाँका व्यापारीहरूलाई भिसामा सहजता दिइने बताइएको छ।

त्यस्तै 'एलो लिस्ट'मा २२ देश छन्। जसमा अंगोला, कम्बोडिया, क्यामरुन, कंगो, लाइबेरिया, माली, जिम्बावेलगायत छन्। यी सूचीमा केही फेरबदल पनि हुनसक्ने स्रोतलाई उद्धृत गर्दै द न्युयोर्क टाइम्सले जनाएको छ।

## संक्रमणकालीन न्याय टुंग्याउन तीव्र दौडधुप

**दिनेश गौतम** | *काठमाडौं*

सरकारले संक्रमणकालीन न्यायसँग सम्बन्धित विषय छिटो टुंग्याउन शीर्ष राजनीतिक दलहरूसँगको संवादलाई अघि बढाएको छ। प्रधानमन्त्री केपी शर्मा ओलीको निर्देशनबमोजिम शुक्रबारदेखि शीर्ष राजनीतिक नेताहरूसँगको संवाद अघि बढाइएको हो।

प्रधानमन्त्री ओलीका नवनियुक्त विज्ञ सल्लाहकार एवं पूर्वकानुनमन्त्री अग्निप्रसाद खरेलले राजनीतिक दलबीच सहमति जुटाउन दौडधुप सुरु गरेका छन्। उनले शीर्ष नेताहरूसँगको भेटघाटलाई तीव्रता दिएका छन्। नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाललाई भेटेका छन्।

खरेलले प्रमुख प्रतिपक्षी नेकपा माओवादी केन्द्रका अध्यक्ष दाहाललाई शनिबार भेटघाट गरेका छन्। सत्तारुढ नेपाली कांग्रेसका सभापति देउवासँग शुक्रबार भेटघाट गरेका थिए। खरेलले शुक्रबार नै राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगर, द्वन्द्वपीडित साझा चौतारीका संस्थापक अध्यक्ष



राजनीतिक तहमा संवाद र सहमति भइरहेको छ।

**अग्निप्रसाद खरेल**
विज्ञ सल्लाहकार



सत्य निरुपण र बेपत्ता छानबिन दुवै आयोगमा प्रक्रियागत रूपमै नियुक्ति हुने छ।

**रमेश बडाल,**
महान्यायाधिवक्ता

सुमन अधिकारीसँग पनि शुक्रबार भेटघाट गरी छलफल गरेका थिए।

सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा पदाधिकारी नियुक्तिलाई अघि बढाउन र सत्य निरुपण तथा मेलमिलाप आयोगमा पदाधिकारी नियुक्ति अघि बढाउने प्रक्रिया अघि बढाउन निर्देशन दिएका हुन्। सोहीअनुसार प्रधानमन्त्रीका विज्ञ सल्लाहकार खरेलले सरोकारवालासँगको भेटघाट र परामर्शलाई तीव्रता दिइरहेका छन्।

शान्ति प्रक्रियासँग सम्बन्धित सरोकारवालासँगको भेटघाट जारी रहेको खरेलले स्वीकार गरे। 'प्रक्रियागत रूपमा अघि बढाउने प्रयास भइरहेको छ,' उनले भने, 'राजनीतिक तहमा संवाद र सहमति गरिसके पछि प्रक्रियागत ढंगले अघि बढाउने योजना छ।'

संक्रमणकालीन न्यायसँग सम्बन्धित ऐन संशोधन भएको ६ महिना बितिसकेको छ। प्रधानमन्त्री ओलीको पहलमा नै ऐन संशोधनमा पनि शीर्ष नेताहरूबीच राजनीतिक सहमति कायम भएको थियो। सोहीअनुसार गत कात्तिक २ गते पूर्व प्रधानन्यायाधीश ओमप्रकाश मिश्रको अध्यक्षतामा गठित सिफारिस समिति गठन गरिएको थियो।


» बाँकी पृष्ठ ६

## रूस र युक्रेनद्वारा हवाई आक्रमण जारी

**किएभ** (एजेन्सी): रूस र युक्रेनले शनिबार रातभर भारी हवाई प्रहारहरू आदान-प्रदान गरेका छन्। दुवै पक्षले आआफ्नो क्षेत्रमा १ सयभन्दा बढी शत्रु ड्रोनहरू प्रहार भएको रिपोर्ट गरेका छन्।

रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनसँगको युद्धमा ३० दिने युद्धविरामको अमेरिकी प्रस्तावको विवरणहरूबारे छलफल गर्न अमेरिकी दूत स्टिभ विटकफसँग भेट गरेको २४ घण्टाभन्दा कम समयमा यो आक्रमण भएको हो। बिहीबार एक पत्रकार सम्मेलनमा बोल्दै पुटिनले सिद्धान्ततः युद्धविरामलाई समर्थन गर्ने तर यसमा सहमत हुनुअघि स्पष्ट पारिनुपर्ने धेरै विवरणहरू प्रस्तुत गरे। किएभले पहिले नै युद्धविराम प्रस्तावलाई समर्थन गरिसकेको छ। यद्यपि युक्रेनी अधिकारीहरूले मस्कोले त्यस्तो सम्झौतामा प्रतिबद्ध हुनेछ कि छैन भन्ने बारेमा सार्वजनिक रूपमा आशंका व्यक्त गरेका छन्।

शनिबार एक वक्तव्यमा युक्रेनी राष्ट्रपति जेलेन्स्कीले मस्कोलाई सीमानजिक सेना जम्मा गरेको आरोप लगाए। 'रुसी सेनाको निर्माणले मस्कोले कूटनीतिलाई बेवास्ता गर्न चाहन्छ भन्ने संकेत गर्दछ,' उनले भने।




## 'हिमवत्खण्डका पाँचमध्ये नेपाल एक'

**गोपीकृष्ण ढुंगाना** | *काठमाडौं*



हिमवत्खण्ड। सबैले सुनेको शब्द। सुने पनि यसबारे धेरैलाई गहिरो जानकारी छैन। नेपाल पनि यसमै पर्छ भन्नेसम्म थाहा भएका केही होलान्। त्यसबाहेक अरू कुन-कुन ठाउँ हिमवत् खण्डमा समेटिन्छ? त्यसबारे धेरै अनविज्ञ नै छन्। स्कन्द पुराणको माहेश्वर खण्डमा उल्लेख भएअनुसार नेपाल, कुर्माञ्चल (कुमाउ), केदार (गढवाल), काश्मीर र जलाधार (हिमाचल प्रदेश) हिमवत्खण्डले समेटेका भूभाग हुन्। अनुसन्धानले नेपाललाई हिमवत्खण्डको 'केन्द्रस्थल' भएको देखाएको छ।

राजधानी काठमाडौंमा चैत १ देखि सुरु भएको तीन दिने हिमवत्खण्ड कला, साहित्य र संस्कृति सम्मिलन-२०८१ को दोस्रो दिन प्राध्यापक डा. माधवप्रसाद पोखरेलले स्कन्द पुराणको माहेश्वर खण्डलाई उद्धृत गर्दै यी पाँच ठाउँ हिमवत् खण्डअन्तर्गत परेको स्पष्ट पारेका हुन्।

'हिमवत्खण्डको गरिमा' विषयक कार्यपत्र प्रस्तुत गर्दै उनले भने, 'वायु पुराणमा हिमवत् खण्डको विस्तारबारे वर्णन गरिएको छ। जसमा पश्चिम हिमालय अर्थात् निषध पर्वत, मध्य हिमालय अर्थात् हिमवान् (हिमवत् पर्वत), मध्यपूर्वी हिमालय अर्थात् हेमकुट (कञ्चनजंगा) पर्वत, पूर्वी हिमालय अर्थात् नील (नीलाचल) पर्वत र मेरु अर्थात् कैलाश पर्वत (स्वेनचाङ, सातौं शताब्दी) रहेको पाइन्छ।'

हिमवत्खण्डको विद्वत् सभामा बोल्दै प्राध्यापक डा. चूडामणि बन्धुले नेपाली भाषा सुरुमा खस प्राकृत भएको बताए। उनले त्यसपछि क्रमशः अप्रभंश हुँदै प्राचीन, मध्य र आधुनिक नेपाली हुँदै विकसित भएको तर्क गरे। '२२ से र २४ से राज्यहरू हुँदा नेपाली भाषा फैलिएको थियो, जतिबेला ती राज्यहरूमा त्यहीका सरकारी कामका भाषा प्रयोग हुन्थे', डा. बन्धुले भने, 'त्यसपछि पृथ्वीनारायण शाहले टुक्रेराज्यहरूलाई एकीकरण गरी विशाल नेपाल बनाए, त्यससँगै नेपाली भाषाले आफ्नै स्वरूप लियो र काम गर्न थाल्यो।' सुगौली सन्धि लगत्तै अंग्रेजी भाषीसँग सम्पर्क र सम्बन्ध बढ्दा नेपाली भाषाले पनि फैलने अवसर पाएको उनको भनाइ छ।

बरु त्यसपछि ठाउँ अनुसारको प्रयोगका क्रममा स्थानीय भाषाले छुट्टै अस्तित्व बनाउन थालेको उनको तर्क छ। उनले भने, 'दैनिक जीवनमा प्रयोग हुने स्थानीय भाषिका जसले स्थानीय भेद जन्मिए र ती लोकवाणी जीवन्त बन्न थाले र तिनको प्रयोग नै बढी हुन थाल्यो। जे भए पनि यस्ता भाषिकाको सम्मान गर्नुपर्छ। यसैले नेपाली भाषा बचाउँछ।'

हिमवत्खण्डको महिमा र गौरव विषयक उक्त विद्वत् सभामा प्रा.डा. रमेश ढुंगेलले 'हिमवत्खण्डको संस्कृति र विश्वव्यापी करण' विषयक कार्यपत्र प्रस्तुत गरे भने प्राध्यापक केशव सुवेदीले 'हिमवत्खण्डको सांस्कृतिक वैशिष्ट्य' र डा. भेषराज अधिकारीले 'हिमवत् खण्डको नेपाली खानपान संस्कृति'बारे कार्यपत्र प्रस्तुत गरेका थिए। अर्को सत्रमा नेपाल बाहिर नेपाली लोकसंस्कृतिसम्बन्धी प्राज्ञिक विमर्श भएको थियो। जसमा चीन, थाइल्यान्ड, भुटान, भारत, बंगलादेश र बर्माबाट कार्यपत्र प्रस्तुत गरिएको थियो।

» बाँकी पृष्ठ ६